सूचनाको हक सम्बन्धी ऐन २०६४ का दफा ५(३), सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ अनुसार

प्रेषित सूचनाहरुका विवरण २०७६ माघ देखि २०७६ चैत्रसम्म



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

विषय सूची


१. वनस्पति विभागको स्वरुप र प्रकृति ..... १

२. विभागको काम, कर्तव्य र अधिकार ..... १

३. निकायमा रहने कर्मचारी संख्या ..... २

४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक वडापत्र) ..... ४

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी ..... ५

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी ..... ५

७. प्रमुखको नाम र पद ..... ५

८. सूचना अधिकारीको नाम र पद ..... ५

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ..... ५

१०. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण ..... ६

११. अघिल्ला आ.व. मा विभागबाट सञ्चालित कार्यक्रमहरुको विवरण ..... ६

१२. विभागको website: ..... ७

१३. विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग, सम्झौता ..... ७

१४. विभागले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण ..... ७

१५. विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण ..... १०

१६. सूचना प्रकाशन ..... १०

१७. संगठन संरचना ..... ११

## १. वनस्पति विभागको स्वरुप र प्रकृति

वि.स. १९९४ सालमा वनस्पति स्रोतको ज गेर्ना र प्रयोग गर्ने हेतुले वनस्पति फाँट र वनस्पति गोश्वाराको स्थापना भए पश्चात वनस्पति सम्पदाको सर्वेक्षण, पहिचान, प्रविधि विकास, संरक्षण एवं सम्बर्द्धन तथा दिगो विकास गर्ने प्रमुख उद्देश्यले वि.स.२०१६ सालमा स्थापना भएको वनस्पति विभागले विज्ञान प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान र विकासका विभिन्न चरणहरु पार गर्दै हालको अवस्थासम्म आइपुगेको छ । विगतको संगठन संरचना २०५५ मा सामान्य हेरफेर भई २०५७ सालदेखि पुनः सञ्चालनमा आएको थियो,।पहिले वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रही आएकोमा हाल नेपालको संविधानले प्रत्याभूत गरेको संघीय संरचना अनुरुप यस विभागको संगठन संरचना परिमार्जन भई वन तथा वातावरण मन्त्रालय अन्तर्गत रही हाल सोही संरचना अन्तर्गत विभागका सम्पूर्ण तहका कर्मचारीहरु परिचालन गरी सफलतापूर्वक कार्य सञ्चालन हुदै आएको छ ।

नेपालमा पाइने वानस्पतिक स्रोतको विविधताको अन्वेषण , संकलन, पहिचान, नमूनाहरुको संरक्षण, अध्ययन, अनुसन्धान र तिनीहरुको स्वस्थानीय वा परस्थानीय संरक्षण र व्यवस्थापन गर्ने , तिनमा विद्यमान रासायनिक तत्वहरुको अध्ययन, अनुसन्धान, विश्लेषण, दिगो उपयोग, आयमूलक खेती प्रवर्द्धन गरी रोजगार सृजना गर्ने तथा औद्योगिकीकरणको लागि पराम र्श सेवा प्रदान गरी देशको आर्थिक विकासमा टेवा पुर्यालउनर सामाजिक अवस्था उकास्न मद्दत गर्ने यस विभाग को मुख्य उद्देश्य रहेको छ ।

वनस्पति विभागबाट सृजित संस्थाहरु

- वि.स. २०२९ सालमा शाही औषधी लिमिटेड हाल नेपाल औषधी लिमिटेड
- वि.सं.२०३७ सालमा औषधि व्यवस्था विभाग
- वि.सं. २०३८ सालमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी
- वि.सं. २०५० सालमा वनस्पति विभागको शाही औषधी अनुसन्धानशालालाई औषधी व्यवस्था विभागको एउटा कार्यालयका रुपमा खडा गरिएकोमा उक्त अनुसन्धानशाला हाल राष्ट्रिय औषधी प्रयोगशालाको रुपमा रहेको छ ।

वनस्पति विभाग वन तथा वातावरण मन्त्रालयको मातहतमा रहेको छ । यस विभागको प्रमुखमा महानिर्देशकको नेतृत्व रहेको छ र प्रशासकीय प्रमुखको रुपमा उप -सचिव रहेका छन । २ वटा महाशाखाहरु र सो अन्तर्गत अन्य शाखाहरु , ३ वटा केन्द्रिय कार्यालयहरु र ७ वटा वनस्पति अनुसन्धान केन्द्रहरु रहेका छन् । प्रत्येक महाशाखाको प्रमुखको रुपमा सह -सचिव (प्रा.) रहने व्यवस्था छ भने केन्द्रिय कार्यालयहरुमा उप -सचिव (प्रा.) रहने व्यवस्था छ ।यस विभागमा जम्मा ११६ जना कर्मचारीको दरवन्दी रहेको छ । यस विभाग अन्तर्गत ईलाम , धनुषा, मकवानपुर, सल्यान, बार्के, जुम्ला र कैलालीमा वनस्पति अनुसन्धान केन्द्रहरु रहेका छन ।

## २. विभागको काम, कर्तव्य र अधिकार

वैज्ञानिक अध्ययन तथा अनुसन्धानद्वारा वानस्पतिक स्रोतको पहिचान गरी प्रविधि विकासका माध्यमबाट तिनको स्वस्थानीय तथा परस्थानीय संरक्षण एवं व्यवस्थापन गर्ने र वनस्पति स्रोतको दिगो विकास गरी मुलुक को आर्थिक विकासमा टेवा पु र्याल्उन प्रयासरत यस विभागले निम्न कार्य क्षेत्रहरुमा केन्द्रित रही विभिन्न क्रियाकलापहरु संचालन गर्दै आईरहेको छ ।

- हर्वेरियम नमुनाहरु पहिचान, हर्वेरियम व्यवस्थापन र फ्लोरा प्रकाशन गर्ने ।
- वनस्पति उद्यानहरुको वैज्ञानिक व्यवस्थापन गरी वंशानुगत स्रोतको संरक्षण र विकास को लागि अध्ययन अनुसन्धानका साथै वनस्पति उद्यान सम्बन्धी विविध सेवा प्रदान गर्ने ।
- मुलुकमा उपलब्ध जैविक विविधताला ई जैविक एवं संरक्षण प्रविधिहरुको माध्यमबाट दिगो विकासका उद्देश्यहरु हासिल गर्ने ।
- शैक्षिक र संरक्षण उद्यानको व्यवस्थापन गर्ने ।
- विभिन्न वनस्पतिहरुमा रहेका उपयोगी रसायनिक तत्वहरुका अध्ययन अनुसन्धान तथा विश्लेषणात्मक कार्य गर्ने ।
- गैरकाष्ठ वन पैदावार लगायत विभिन्न वनस्पतिहरुमा निहित रसायनिक तत्वहरु र त्यसको सुक्ष्म जीव प्रतिरोधी गुणहरुको परीक्षण, प्रमाणिकरण र गुणस्तर निर्धारण गर्ने र सो सम्बन्धी सेवा प्रदान गर्ने ।
- देशमा विद्यमान जडीबुटी स्रोतको वर्तमान स्थिति पत्ता लगाउन स्थलगत सर्वेक्षण गरी गुणात्मक र परिमाणात्मक विश्लेषण गर्ने ।

- विभिन्न हावापानीमा पाईने उपयोगी जडीबुटीहरुको खेती प्रविधि विकास गर्न अनुसन्धानहरु गरी खेती प्रविधि विकास भएका जडीबुटीहरुको प्रविधि हस्तान्तरण गर्दै जाने ।
- वनस्पति स्रोत सम्पदाका अध्ययन अनुसन्धानका लागि स्थापित केन्द्रिय प्रयोगशालाहरुको समयानुकुल व्यवस्थापन तथा विस्तार गर्दै लाने ।
- वनस्पति स्रोत सम्बन्धी विभिन्न विधाहरुमा प्रचार प्रसार, तालिम तथा विशेषज्ञ एवं परामर्श सेवा प्रदान गर्ने ।

### ३. निकायमा रहने कर्मचारी संख्या

| क्र.सं. | कर्मचारीको नाम थर | पद | सेवा | समूह | श्रेणी/तह | कार्यरत शाखा |
|---|---|---|---|---|---|---|
| १. | श्री धनञ्जय पौडेल | महानिर्देशक | वन | जनरल फरेष्ट्री | रा.प.प्र.(प्रा.) | |
| २. | श्री केशव कुमार न्यौपाने | उप-महानिर्देशक | इन्जि | केमेष्ट्री | रा.प.प्र.(प्रा.) | व्यवस्थापन तथा विकास महाशाखा |
| ३. | श्री मोहनदेव जोशी | उप-महानिर्देशक | वन | वोटानी | रा.प.प्र.(प्रा.) | अनुसन्धान तथा योजना महाशाखा |
| ४. | श्री मधुदेवी घिमिरे | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | जैविक विविधता तथा साइटिस शाखा |
| ५. | श्री संगिता स्वांर | योजना अधिकृत | वन | वोटानी | रा.प.द्वि | योजना तथा अनुगमन शाखा |
| ६. | श्री तारादत्त भट्ट | वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.द्वि | इन्ष्ट्रुमेन्ट शाखा |
| ७. | श्री विनोद कुमार बस्नेत | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | बायोटेक्नोलोजी शाखा |
| ८. | श्री रघुराम पराजुली | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| ९. | श्री भरत भट्टराई | वैज्ञानिक अधिकृत | स्वास्थ्य | फार्मेसी | दशौं तह | बायोलोजीकल शाखा |
| १०. | श्री अंजनी कुमार अधिकारी | वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.द्वि | गुणस्तर निर्धारण शाखा |
| ११. | श्री डम्बर बहादुर कार्की | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | शहरी उद्यान विकास शाखा |
| १२. | श्री शशिकला गौली | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | प्रशासन शाखा |
| १३. | श्री श्रीराम आचार्य | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | आर्थिक प्रशासन शाखा |
| १४. | श्री सीर्जना महर्जन | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | बायोटेक्नोलोजी शाखा |
| १५. | श्री मो. सज्जाद आलम | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | जडीबुटी सदुपयोग तथा पाइलट शाखा |
| १६. | श्री जनुका पाठक | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | बायोटेक्नोलोजी शाखा |
| १७. | श्री कृष्णराम भट्टराई | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| १८. | श्री कल्पना शर्मा ढकाल | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | जैविक विविधता तथा साइटिस शाखा |
| १९. | श्री प्रमेश बहादुर लाखे | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | बायोलोजीकल शाखा |
| २०. | श्री मोनिका दाहाल | सहायक योजना अधिकृत | वन | वोटानी | रा.प.तृतीय | योजना तथा अनुगमन शाखा |
| २१. | श्री पारसमणी यादव | सहायक वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.तृतीय | गुणस्तर निर्धारण शाखा |
| २२. | श्री अमित ढुंगाना | सहायक वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.तृतीय | इन्ष्ट्रुमेन्ट शाखा |
| २३. | श्री निशान्त श्रेष्ठ | सहायक वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.तृतीय | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| २४. | श्री प्रतिक्षा श्रेष्ठ | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| २५. | श्री प्रेम बहादुर हिरोजक | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अनं.प्र | प्रशासन शाखा |
| २६. | श्री कृष्णबाबु तिवारी | असिस्टेन्ट वोटानिष्टी | वन | वोटानी | रा.प.अनं.प्र | शहरी उद्यान विकास शाखा |
| २७. | श्री जय गोविन्द चौधरी | असिस्टेन्ट वोटानिष्टी | वन | वोटानी | रा.प.अनं.प्र | |
| २८. | श्री मञ्जु कुमारी शर्मा | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अनं.प्र | व्यवस्थापन तथा विकास महाशाखा |

| क्र.सं. | कर्मचारीको नाम थर | पद | सेवा | समूह | श्रेणी/तह | कार्यरत शाखा |
|---|---|---|---|---|---|---|
| २९. | श्री अनु श्रेष्ठ | असिष्टेन्ट वोटानिष्ट | वन | वोटानी | रा.प.अनं.प्र | योजना तथा अनुगमन शाखा |
| ३०. | श्री डम्मर सिंह साउद | असिस्टेन्ट वोटानिष्टा | वन | वोटानी | रा.प.अनं.प्र | जैविक विविधता तथा साइटिस शाखा |
| ३१. | श्री कृष्ण प्रसाद हुमागाई | असिष्टेषन्ट केमिष्टु | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | जिन्सी व्यवस्थापन शाखा |
| ३२. | श्री कल्पना सुवेदी | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.प्र | आर्थिक प्रशासन शाखा |
| ३३. | श्री चिन्तामणी बस्याल | असिष्टेनन्ट केमिष्टा | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | इन्ष्ट्रुमेन्ट शाखा |
| ३४. | श्री गंगा रिजाल | असिस्टेन्ट वोटानिष्ट | वन | वोटानी | रा.प.अनं.प्र | बायोटेक्नोलोजी शाखा |
| ३५. | श्री बल बहादुर विष्टअ | असिष्टे न्ट केमिष्टा | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | इन्ष्ट्रुमेन्ट शाखा |
| ३६. | श्री रोमी महर्जन | असिष्टेमन्ट केमिष्टा | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | गुणस्तर निर्धारण शाखा |
| ३७. | श्री सरिता यादव | असिस्टेन्ट वोटानिष्ट | वन | वोटानी | रा.प.अनं.प्र | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| ३८. | श्री ज्ञान भक्त महर्जन | टा.ख. | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वि | अनुसन्धान तथा योजना महाशाखा |
| ३९. | श्री सुरेश भट्टराई | खरिदार | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वि | प्रशासन शाखा |
| ४०. | श्री आरती ढकाल | खरिदार | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वि | दर्ता चलानी इकाई |
| ४१. | श्री प्रदिप पौडैल | हेड फिल्ड असिष्टेईण्ट | वन | वोटानी | रा.प.अनं.द्वि | महानिर्देशकज्यूको सचिवालय |
| ४२. | श्री सुदर्शनराज पुडासैनी | फिल्ड असिस्टेन्ट | वन | वोटानी | रा.प.अनं.तृ | शहरी उद्यान विकास शाखा |
| ४३. | श्री राम बहादुर तामाङ | ल्याव व्वाय | इन्जि | केमेष्ट्री | रा.प.अनं.तृ | जडिबुटी सदुपयोग तथा पाइलट शाखा |
| ४४. | श्री पुष्कर प्रसाद ढकाल | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | प्रशासन शाखा |
| ४५. | श्री पदम बहादुर थापा | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | प्रशासन शाखा |
| ४६. | श्री डिल्ली प्रसाद लम्साल | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | शहरी उद्यान विकास शाखा |
| ४७. | श्री विना महर्जन | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | अनुसन्धान तथा योजना महाशाखा |
| ४८. | श्री मान बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | शहरी उद्यान विकास शाखा |
| ४९. | श्री रुकमणी वूढाथोकी | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |

## ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक वडापत्र)

| क्र.सं. | सेवाका विवरण | आवश्यक प्रक्रिया | आवश्यक कागजातहरु | दस्तुर | समय | सम्पर्क राख्नुपर्ने शाखा/व्यक्ति | सेवा प्रदान गर्ने शाखा | उजुरी/गुनासो सुन्ने व्यक्ति र निजको फोन न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | वनस्पति स्रोत सम्बन्धी सूचनामुलक सामाग्रीहरुका वितरण एवं सूचना प्रवाह | सम्बन्धित व्यक्ति संस्थाले शाखामा सम्पर्क राख्नुपर्ने | संस्थागत भए संस्थाको पत्र | नि:शुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा | उप महानिर्देशक ४२५११७१ | |
| २. | वनस्पति सम्बन्धी प्रकाशनको बिक्री वितरण | | | सामाग्रीको मूल्य अनुसार | यथाशिघ्र | जिन्सी व्यवस्थापन शाखा प्रमुख | जिन्सी व्यवस्थापन शाखा | उप महानिर्देशक ४२५११७१ | |
| ३. | जडीबुटीजन्य स्रोत तथा विस्तार सम्बन्धी जानकारी | | | नि:शुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा | उप महानिर्देशक ४२५११६० | |
| ४. | जैविक विविधता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनबाट संरक्षित बिरुवाका प्रजातिहरु, जलवायू परिवर्तन सम्बन्धी जानकारी | | | नि:शुल्क | यथाशिघ्र | | जैविक विविधता तथा साइटिस शाखा | उप महानिर्देशक ४२५११६० | |
| ५. | टिस्युकल्चर प्रविधिबाट उत्पादित बिरुवाहरु खेती परीक्षणका लागि वितरण | आवेदन | रितपूर्वकको निवेदन तथा नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाको दर्ता नं. खुल्ने कागजात | नि:शुल्क | बिरुवा तयार भएपछि शाखा प्रमुखबाट सम्पर्क गरिने | | बायाटेक्नोलोजी शाखा | उप महानिर्देशक ४२५११६० | बिरुवा संख्या र रोप्ने ठाउँ खोल्नुपर्ने |
| ६. | वनस्पति स्रोत र सम्पदा सम्बन्धी नीति योजना तथा कार्यक्रमका बारेमा जानकारी | | | नि:शुल्क | यथाशिघ्र | | योजना तथा अनुगमन शाखा | उप महानिर्देशक ४२५११६० | |
| ७. | विभाग र मातहत कार्यालयहरुको कार्यक्रमहरुको कार्य प्रगतिको जानकारी | | | नि:शुल्क | यथाशिघ्र | | योजना तथा अनुगमन शाखा | उप महानिर्देशक ४२५११६० | |
| ८. | विश्लेषण परीक्षण सेवा<br>FTIR<br>GCMS<br>HPLC | | | <br>५००/-<br>१०००/-<br>१२००/- | प्रयोगशालामा नमूना प्राप्त भएको मिति देखि ७ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | इन्स्ट्रुमेन्ट शाखा | उप महानिर्देशक ४२५११७१ | |
| ९. | बाह्य स्रोतबाट माग भई आए अनुसार प्रशोधन सेवा उपलब्ध गराउन | | | प्रति मेशिनको प्रति घण्टा ५००/- | परिमाण हेरी ५ दिन देखि १ महिना सम्म | जडीबुटी सदुपयोग तथा पाइलट शाखा प्रमख/स.वै .अ. | जडिबुटी सदुपयोग तथा पाइलट शाखा | उप महानिर्देशक ४२५११७१ | |
| १०. | नेपाली बिरुवामा अनुसन्धान अनुमति<br>स्वदेशी/विदेशी (नेपालमा परीक्षण गर्ने)<br>स्वदेशी/विदेशी (विदेशमा परीक्षण गर्ने) | | वनस्पति विभागको "वनस्पति स्रोत अध्ययन अनुसन्धान कार्यविधि २०७०" को अनुसूची १ अनुसारको निवेदन तथा कागजपत्र | नि:शुल्क | <br>१ सप्ताह | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जैविक विविधता तथा साइटिस शाखा | उप महानिर्देशक ४२५११६० | <br><br>मन्त्रालयको सहमति प्राप्त भएको ३ दिन भित्र |
| ११.१ | जडीबुटीका सूक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल) परीक्षण* | परीक्षण गर्नुपर्ने नमूना आवश्यक कागजातहरु सहित बुझाउने | - रितपूर्वकको निवेदन<br>- विद्यार्थीको हकमा आवद्ध संस्थाको सिफारिस पत्र<br>- परीक्षण फारम संलग्न गरेको हुनुपर्ने<br>- संस्थाको हकमा निवेदन साथ संस्थाको दर्ता नं. एवं PAN/VAT नं. खुलेको प्रमाण पत्र संलग्न अथवा संस्थाको दर्ता नं. तथा PAN/VAT दर्ता नं. खुलेको लेटरप्याडमा निवेदन दिनुपर्ने | २,६००/- | नमूना प्राप्त भएको मिति देखि १२ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | वायालोजिकल शाखा | उप महानिर्देशक ४२५११७१ | सारतत्व परिक्षण गर्नुपर्ने भएमा नमूना न्यूनतम ३ ग्राम |
| ११.२ | जडीबुटीका सुक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल परीक्षण ) Minimum Inhibitory Concentration / Minimum Bactericidal Concentration सहित | | | ३,०००/- | नमूना प्राप्त भएको मिति देखि २० कार्य दिन भित्र | | | | सारतत्व परिक्षण गर्नुपर्ने भएमा नमूना न्यूनतम ५ ग्राम |
| ११.३ | व्याक्टेरियाका टि.ए.भि.सि. (Total aerobic viable count of Bacteria) | | | ८००/- | नमूना प्राप्त भएको मिति देखि २५ कार्य दिन भित्र | | | | परिक्षण गर्नुपर्ने नमूनाको न्यूनतम १०० ग्रामको ३ वटा छुट्टाछुट्टै सिलबन्दी बट्टा/प्याकेट |
| ११.४ | ढुसी र यिस्टका टि.भि.सि. (Total viable count of Yeasts & Moulds) | | | ८००/- | | | | | |
| ११.५ | इस्चिरिचिया कोली परीक्षण (*Escherichia coli* test) | | | ७००/- | | | | | |
| ११.६ | इन्टेरोव्याक्टेरियसी परीक्षण (Enterobacteriaceae test) | | | ५००/- | | | | | |
| ११.७ | साल्मोनेल्ला परीक्षण (*Salmonella* Test) | | | ९००/- | | | | | |
| १०. | सिजेल्ला परीक्षण (*Shigella* Test) | | | ९००/- | | | | | |
| ११.९ | क्लोस्ट्रिडियम परीक्षण (*Clostridium* Test) | | | ७००/- | | | | | |
| ११.१ | स्यूडामोनास परीक्षण (*Pseudomonas* Test) | | | ७००/- | | | | | |
| ११.१ | स्टाफाइलोकोक्कस अउरियस (*Staphylococcus aureus* Test) | | | ८००/- | | | | | |
| १२. | राष्ट्रिय चाडपर्वहरुमा माग भई आए बमोजिम फूलका गमला आपूर्ति/सजावट गर्ने | आवेदन | सम्बन्धित निकायको पत्र | नि:शुल्क | पत्र प्राप्त भएपछि | शहरी उद्यान विकास शाखा प्रमुख | शहरी उद्यान विकास शाखा, सिंहदरवार | उप महानिर्देशक ४२५११७१ | फूल, माला, गुच्छा, गमला, फुलदानी उपलब्ध हुनुपर्ने दिनभन्दा २ दिन अगावै आवेदन दिनुपर्ने |
| | सरकारी निकायका विशिष्ट पाहुनाहरुको स्वागत सत्कारमा फूल, माला, गुच्छा, गमला, फुलदानी आपूर्ति गर्ने | | | | | | | | |

### ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्बन्धित शाखाबाट टिप्पणी उठा ई सम्बन्धित महाशाखावाट सिफारीस गरी महानिर्देशकज्यूबाट स्वीकृत गराउने । प्रत्येक कामसँग सम्बन्धित सम्पूर्ण कागजात तथा विवरणहरु , सम्वन्धित शाखाका शाखा प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ र निजले ती अभिलेखहरु आफू कुनै कारणबाट शाखामा नरहने भए पन्जिका बनाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ । हरेक शाखाबाट उठान भएका निर्णय फाइल तथा  तत् सम्बन्धी कागजातहरुको सू ची पंजिका  बनाउन र व्यवस्थित गरी राखे जिम्मा तोकिएका फाँटवाला सहायक कर्मचारीको हुनेछ । निर्णय गर्ने तहबाट फाइल उपमहानिर्देशक हुँदैं सम्वन्धित शाखामा पठाईन्छ । नि र्णयका फाइल वा कागजात प्राप्त भएपछि शाखा प्रमुखले त्यसको जानकारी सरोकारवालालाई दिनुपर्नेछ । फाइल जिम्मा लिने कर्मचारी विदामा वसेमा वा अनुपस्थित रहेमा कसले जिम्मा लिने भन्ने कुरा शाखाका प्रमुखले लिखित रुपमा तोकिदिनुपर्नेछ । फाइल वा कागजातको जिम्मेवारी पाएका /लिएका कर्मचारी अन्यत्र सरुवा भै जानुपर्ने भएमा सरुवा भई आउने कर्मचारीलाई वा तोकिएको अन्य कर्मचारीलाई बरवुझारथ गर्नु पर्नेछ ।

### ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा महानिर्देशक वा उपमहानिर्देशक समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन् । साथै विभागको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछन् ।

### ७. प्रमुखको नाम र पद

नाम - श्री धनञ्जमय पौडेल
पद - महानिर्देशक
फोन नं - ०१-४२५११६१
ईमेल : dhanan35@gmail.com

### ८. सूचना अधिकारीको नाम र पद

नाम - श्री तारादत्त भट्ट
पद - वैज्ञानिक अधिकृत
फोन नं - ०१-४२६८२४६
ईमेल : tdbhatt@gmail.com

### ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- जडीबुटी खेती प्रविधि कार्यविधि २०७५
- जडीबुटी विकासका लागि अनुदान सम्बन्धि कार्यविधि २०७५
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४
- जडीबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- वनस्पति स्रोत अनुसन्धान कार्यविधि २०७० (पहिलो संशोधन २०७३)
- राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि २०७२ (पहिलो संशोधन २०७६)
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- जैविक सुरक्षा निर्देशिका (२०६२)

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**बजेट खर्च**

| क्र.सं. | ब.उ.शि.नं. तथा कार्यक्रमहरु | विनियोजन रु. | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| **चालु** | | | | |
| १ | ३२९०२०११३ वनस्पति विभाग | १४,५१,९२,०००.०० | ३,२४,७३,८७५.०० | |
| २ | ३२९०२१०३३ वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम | १,२६,३८,०००.०० | ७,०९,११३.०० | |
| ३ | ३२९०२१०१३ जडीबुटी विकास कार्यक्रम | ६,०९,३७,०००.०० | २८,६७,८७७.०० | |
| ४ | ३२९०२१०२३ वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम | ७०,२०,०००.०० | १५,२०,९२५.०० | |
| **पूँजिगत** | | | | |
| १ | ३२९०२१०१४ जडीबुटी विकास कार्यक्रम | ६,५७,००,०००.०० | ६,४५,२४९.०० | |
| २ | ३२९०२०११४ वनस्पति विभाग | १५,००,०००.०० | १३,२०,००३.०० | |
| ३ | ३२९०२१०३४ वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम | १,०५,००,०००.०० | ४,९४,७३०.०० | |
| ४ | ३२९०२१०२४ वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम | २,६०,००,०००.०० | ३,९४,५३९.०० | |

## ११. अघिल्ला आ.व. मा विभागबाट सञ्चालित कार्यक्रमहरुको विवरण

आ.व. ०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम तथा खर्च विवरण पूँजिगत तथा चालु

| क्र.सं. | बजेट शिर्षक | कार्यक्रम/आयोजना | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | ३२९०१५३ | साधारण | ११,१९,५०,००० | ९,२०,५७,६५४.९० |
| २ | ३२९०१५४ | साधारण | ६६,००,००० | ६४,५८,४६८ |
| ३ | ३२९८०९३ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण | ७३,८४,००० | ७२,१६,७०२ |
| ४ | ३२९८०९४ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण | २०,४३,००० | १७,८६,९६७ |
| ५ | ३२९८०६३ | वनस्पति संरक्षण तथा उद्यान विकास | ७५,२७,००० | ७२,३९,५७१ |
| ६ | ३२९८०६४ | वनस्पति संरक्षण तथा उद्यान विकास | ८०,८८,००० | ७०,१८,५३२ |
| ७ | ३२९१०२३ | जडीबुटी विकास | १,१२,९४,००० | १,०३,८९,८८१ |
| ८ | ३२९१०२४ | जडीबुटी विकास | ४,९२,५५,००० | ३,४१,१२,५५८ |
| | जम्मा बजेट | | २०,४१,४१,००० | १६,६२,८०,३३३.९० |

**१२. विभागको website:**

**www.dpr.gov.np**
ईमेल: info@dpr.gov.np

**१३. विभागले प्राप्त गरेको वैदेशिक सहायता ऋण, अनुदान, एवं प्राविधिक सहयोग, सम्झौता**

कुनै पनि सम्झौता/ अनुदान प्राप्त नभएको ।

**१४. विभागले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण**

**१. अध्ययन अनुसन्धान तथा बजारीकरण**

**१.१ फेनेरोग्याम्स अनुसन्धान**

- १५६ वटा नमुनाहरुको Labelling तथा Mounting गरिएको।
- ५० वटा हर्वेरियम नमुनाहरुको **Press** तथा **Dry** गर्ने कार्य सम्पन्न गरिएको।

**१.२ क्रिप्टोग्याम्स (ब्रायोफाइटस र टेरिडोफाइड) अनुसन्धान**

- ब्रायोफाइटाका ६९ प्रजातिका नमुनाहरु House गरिएको।
- टेरिडोफाइटाका ६० हर्वेरियम नमुनाहरु House गरिएको।
- १११ वटा Backlog हर्वेरियम नमुनाहरु पहिचान गरिएको।
- नेपालको एकमात्र ठाँउबाट report भएको very rare fern *Salvinia natan* को हर्वेरियम झापा जिल्लाको जलथल क्षेत्रबाट संकलन गरी KATH हर्वेरियममा थप समावेश गरिएको।

**१.३ क्रिप्टोग्याम्स (एल्गी, फन्जाई र लाइकेन) अनुसन्धान**

- मायादेवी साझेदारी वन, कपिलबस्तुबाट संकलन गरिएका २१ वटा च्याउका नमुनाहरुको संकलन गरिएको।
- माइकोलोजी शाखामा रहेका १५० च्याउ तथा ढुसीका नमुनाहरुलाई alcohol treatment गरी preservative को रुपमा Naphthalene ball राखिएको।

**१.४ हर्वेरियम नमुनाको पहिचान, संरक्षण Housing तथा व्यवस्थापन**

- ३५०४ वटा नमुनाहरुको Alcohol Treatment गरिएको।
- ६६८ नमुनाहरुको Repair तथा मर्मत गर्ने कार्य गरेको।

**१.५ राष्ट्रिय हर्वेरियममा संरक्षित वनस्पति नमुनाहरुको Digitization कार्य**

- १००१० नमुनाहरुको Digitization कार्य सम्पन्न गरिएको ।

**१.६ नेपालबाट रिर्पोट भएका राष्ट्रिय हर्वेरियममा संरक्षण नभएका वनस्पतिहरुको संकलन कार्य ।**

- ६ वटा Taxa पहिलोचोटी KATH हर्वेरियममा समावेश (New to KATH)

1. *Ania penangiana*
2. *Odontochilus elwesii*
3. *Neottia longicaulis*
4. *Bolbitis costata*
5. *Pinanga gracilis*
6. *Didymocarpus nepalensis*

**१.७ फर्मुलेशन तयारी फर्मुलेटेड प्रोडक्ट उत्पादन**

- Mosquito repellent cream र धूप बनाउनका लागि अध्ययन भई mosquito repellent cream को Product base निर्माण गरेको ।
- mosquito repellent cream को मात्र ४ प्रकारका फर्मुला विकास गरी परीक्षण समेत सफल भएको ।
- स्यानिटाइजर बनाउने काम भएको।

**१.८ वनस्पतिको फाईटोकेमीकल फर्माकोलोजिकल १० वटा सुगन्धित तेल विस्तृत फाइटोकेमिकल र वायोकेमिकल अध्ययनभइ डाटावेश तयार हुने**

- ५ वनस्पति प्रजाति (*Leea macrophylla, Etlingera longifolia, Astilbe rivularis, Urtica dioca, Cannabis sativa,)* को फाइटोकेमिकल अध्ययन सम्पन्न भएको ।

**१.९ वनस्पति प्रयोगको परम्परागत ज्ञान अभिलेखीकरण**

- वनस्पति सम्बन्धि परम्परागत ज्ञानको अभिलेखीकरण कार्य भइरहेको।

**२. वनस्पति संरक्षण तथा उद्यान विकास**

**२.१ मौसमी शोभनिय फुल बिरुवा उत्पादन**

- ८ वनस्पति उद्यानमा (इन्कामेरीगोल्ड, वाल्सन, मेलमपोडियम, जुरेकाफल, कोलिस, एन्टीरेनम, जुङ्गेफूल, बाबारी, जाइ, टेकोमा, सिडम, फ्रेन्चमेरीगोल्ड, सिरिङ्गे, सेलोसिया, साल्भिया, पिटुनिया, केली, डालिया, क्या लिन्डुला सयपत्री, फ्लक्स, गजुनिया, कुचिया, मखमली, स्वीट वेलियम, हेलिक्राइसम, स्वीट पीज, पेन्जी, मेरी गोल्ड, गोदावरी, *Vinca, Celosia*, डायन्थस, ग्लाडुलस, चेरी, ) लगायतका जम्मा ५११०० बिरुवा उत्पादन भएको छ ।

**२.२ स्वदेशी शोभनीय फुल बिरुवा अध्ययन अनुसन्धान**

- वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा माटो परिक्षणको लागी लगिएको, २ बेडमा रोपण गरिएकोदमाईफलको नियमित स्याहार संभार भएको।
- वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा ध्यारोको बिरूवाको अध्ययनका लागि ७२५ वटा कटिङ्ग राखिएको । जसमध्ये ३३६ वटा (४६%) मा मुना पलाएको ।
- वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा *Roscoea purpurea* को विउ वेडमा छर्ने कार्य सम्पन्न।
- वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा स्वदेशी शोभनिय फूल अँगेरि- *Eranthemum pulchellum* को कटिङ्गबाट बिरुवा रोपण तथा संरक्षण गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, धनुषामा ध्यारोको बिरूवाको अध्ययनका लागि ७२५ वटा कटिङ्ग राखिएको।
- राष्ट्रिय वनस्पति उद्यान, वन काइयोको कटिङ्ग सम्बन्धी अध्ययन भैरहेको ।
- वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा प्याउली बिरुवाको अध्ययन /अनुसन्धान भइरहेको।

**२.३ बहुवर्षिय शोभनिय फूल बिरुवा उत्पादन**

- राष्ट्रिय वनस्पति उद्यान, गोदावरी, शहरी उद्यान विकास शाखा, सिंहदरवार तथा वनस्पति अनुसन्धान केन्द्रहरु (इलाम, धनुषा, मकवानपुर, सल्यान, बाँके, जुम्ला, कैलाली ) मा रातकिरानी , बगनबेली, जिरानियम, टक्कर, मिठानिम, ईन्द्रकमल, सेकुवा, ज्याकोबेनिमय, जाइका क्याक्टस, एजेलिया, ल्वीडिङ्ग हार्ड, जंगली जाई, लहरे गुलाब, टुपिडेन्थस, पैयू, खरी, गिङ्को, किउफिया, केरापाते फुल, हिविस्कस, हाइड्रेन्जिया, पारिजात, कोनेरियम, क्रोटन, असारे, मुसुन्डा, क्युफिया, अल्मुन्डा, ईग्जोरा, केतुके , नेरियम, लालुपाते, इन्द्रकमल, डुरान्टा, जिरानियम, बोगेनभिलिया, घण्टि फुल आदि गरी जम्मा ५७१२२ बहुवर्षिय शोभनिय फूल बिरुवा उत्पादन भएको।

**२.४ जर्मप्लाज्म संरक्षण**

- वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा नियमित सरसफाई, स्याहार संभार, घाँस कटान भएको।
- वनस्पति अनुसन्धान केन्द्र, धनुषामा जर्मप्लाज्म संरक्षण प्लटमा थप ११ प्रजातिका बिरूवा (जिङ्गो, चिउरी, जायफल, कफी, दालचिनी, जैतुन, रक्तचन्दन, अगारउड, रूद्राक्ष, मरीच र विजयसाल) रोपण गरिनुका साथै अन्य ३५ प्रजातिको नियमित गोडमेल तथा स्यहार संभार गरिएको ।
- वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा नियमित सरसफाइ तथा व्यवस्थापकीय कार्य गरिएको ।
- वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा ३ वटै उद्यानहरुमा करिव ७ प्रजातिका जर्मप्लाजम थप गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा जामुन र साल संकलन गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा मकवानपुरबाट सुपारी, पुत्रन्जिभा, धनुषाबाट कृष्ण र स्वेत लेमनग्रास, सप्तरीबाट दोर्णपुष्पी संकलन गरी उद्यानमा संरक्षण गरिएको।
- राष्ट्रिय वनस्पति उद्यान गोदावरीमा दुर्लभ लोपेन्मुख रैथाने वनस्पतिको संरक्षण कार्य भैरहेको ।

### २.५ दुर्लभ लोपोन्मुख वनस्पति प्रजातिको परस्थानीय संरक्षण

- राष्ट्रिय वनस्पति उद्यान गोदावरी भित्र रहेका दुर्लभ, लोपोन्मुख वनस्पतिहरु लौठ सल्ला, गुन्सी, सर्पगन्धा, चाँप, सिप्लीकान, लघुपत्र, सुनाखरी, कलवल, भ्याकुर, आदिको नियमित स्याहार सम्भार गर्ने कार्य भएको ।

## ३.जडीबुटी विकास कार्यक्रम

### ३.१ गुणस्तर विकासका लागि खेती प्रविधि अनुसन्धान गरी सोसम्बन्धी प्राविधिक पुस्तिका तयार गर्ने

- वनस्पति अनुसन्धान केन्द्र, धनुषामा १x१ वर्ग मिटरको १६ वटा प्लटमा नीमका बेर्ना प्राकृतिक वासस्थानबाट संकलन गरी रोपण गरिएको ।
- वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा लघुपत्र रोपण क्षेत्रमा सिँचाई तथा गोडमेल, मल लगाउने कार्य।
- वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा सितलचिनीको खेती प्रबिधि अनुसन्धानका लागि तथ्याङ्क अध्ययन भईरहेको ।
- वनस्पति अनुसन्धान केन्द्र, ईलाममा अनुसन्धान Rhizome cutting प्लटमा अंकुरण भएका टुसाहरुको तथ्याङ्क संकलन गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा Chlorophytum arundinaceum को बिरुवा अनुसन्धान प्लटमा रोपण गरी अध्ययन भइरहेको ।
- वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा अनुसन्धान प्लटवाट गुर्जोको बिरुवा harvetest गरी fresh weightमापन गरी biomass को लागी drying गर्ने कार्य भईरहेको। कटिङ्गहरुको नियमित स्यहारसम्भार गरिएको ।
- वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा २ बेडमा रहेका केशरकोनियमित रेखदेख,सिँचाइ,गोडमेल।

### ३.२ चिराइतो जर्मप्लाज्म संकलन,संरक्षण व्यवस्थापन

- वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा पातारासी-७, रिनी क्षेत्रबाट चिराईतोको बीउ संकलन कार्य भएको।
- वनस्पति अनुसन्धान केन्द्र, चिराईतोको ४ स्थानको genotype संकलन गरी वेडमा नियमित स्याहारसम्भार भएको।
- वनस्पति अनुसन्धान केन्द्र, इलाममा ताप्लेजुङ्गको फाखोला र पाँचथरको प्राङबुङ्गबाट चिराइतोको बिउ संकलन गरिएको।

### ३.३ जडीबुटीका गुणस्तरीय बिरुवा उत्पादन

- वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा सर्पगन्धा पिपला कालमेध गरी ३५००० बिरुवा उत्पादन।
- वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा १४ के.जी चिउरी रोपण,जडिबुटि ३५००० र फलफूल १५००० बिरुवा उत्पादन कार्य सम्पन्न
- वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा जडिवूटी तथा फलफूलको बिरुवा २९३०० उत्पादन भएको।
- वनस्पति अनुसन्धान केन्द्र, इलाममा नर्सरीमा उत्पादन भएका बिरुवाहरु मध्ये १९००० लौठसल्लाका बिरुवाहरु , १४५०० किविका बिरुवाहरु समुह तथा निजी कृषकहरुलाई वितरण गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा नियमित सिँचाई स्यहार सम्भार गरिएको र वितरण गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा कुरिलोको ४५००० बिरुवा उत्पादन ।
- वनस्पति अनुसन्धान केन्द्र, धनुषामा लेमनग्रासका २० हजार बिरूवा उत्पादनका लागि ११७५ वटा स्लिप रोपण भएको । लेमनग्रास प्लटमा गोडमेल तथा सिंचाईका साथै कुरिलो र अमला उत्पादनका लागि नर्सरी बेडमा जंगलको माटो तथा बालुवा र मल मिलाउने कार्य भएको ।कुरिलोको बीउ खरिद गरिएको ।

### ३.४ जडीबुटीको सारतत्व विश्लेषण प्रमाणिकरण तथा सिफारिस

- २३६ नमूनाहरुको विश्लेषण प्रमाणिकरण तथा सिफारीस कार्य सम्पन्न ।

### ३.५ संकटापूर्ण अवस्थामा पुगेको जडीबुटी प्रजातीको स्व-स्थानीय संरक्षण

- वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा थप संकटापन्न प्रजातिको संरक्षणको लुहाम,लेखपोखरा को फिल्ड भिजिट गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र, इलामको भेडिचोक सा. व. सन्दकपुर १ मा १ हे . क्षेत्रमा बास स्थान संरक्षण प्लट स्थापना गरिएको तथा माइपोखरी वनस्पित उद्यानमा रहेको चाँप क्षेत्रको स्याहार संभार भएको ।
- वनस्पति अनुसन्धान केन्द्र, बाँकेद्वारा जलन्धरा सा. व. उ. स. संग संकटापूर्ण प्रजातिहरुको स्व -स्थानीय संरक्षण कार्यको लागि छलफल तथा निर्णय गरिएको ।
- वनस्पति अनुसन्धान केन्द्र , जुम्लामा औरहीबाबा सामुदायिक वनमा फेला परेको टटेलो (*Oroxylum indicum*) को संरक्षणका लागि सचेतना गोष्ठी गर्न स्थानीय जनसमुदायसँग समन्वय गरिएको।

- वनस्पति अनुसन्धान केन्द्र, कैलाली मा राधाकृष्ण सा.व.उ.स. गौरीगंगा न.पा.-१ मंगलपुरमा खयरका रुखहरु संरक्षण कार्य भईरहेको।

**३.६ संकटापूर्ण अवस्थामा पुगेको जडीबुटी थप प्रजातिहरुको परस्थानिय संरक्षण कार्य**

- वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा वनमुला ( Euphorbia Fusiformis) का २५० बिरुवा रोपण गरिएको।
- वनस्पति अनुसन्धान केन्द्र धनुषामा मकवानपुरबाट अर्किडका ५ प्रजाति र अन्य ३ प्रजाति (छतिवन, चाँप र टटेलो) गरी जम्मा ८ प्रजातिका बिरूवाहरू संकलन गरेर ल्याई उद्यानमा रोपण संरक्षण गरिएको तथा दुर्लभ तथा लोपोन्मुख बिरूवाहरूको नियमित स्यहार सम्भार गरिएको ।
- वनस्पति अनुसन्धान केन्द्र सल्यानमा उद्यानमा परस्थानियसंरक्षण गरीएका २० बेडको नियमित सरसफाइ स्याहार संभार
- वनस्पति अनुसन्धान केन्द्र, उद्यानमा *Oroxylum indicum* रोपण गरिएको ।

**३.७ ठुला भन्सार नाकाहरुमा जडीबुटी पहिचान, प्रयोगशाला स्थापना सम्बन्धी अध्ययन**

मिति २०७६/१०/२७ देखि २०७६/११/२ गते सम्म भैरहवा र नेपालगंज भन्सार कार्यालयहरुमा अन्तर्क्रिया सम्पन्न गरी सुझाव तथा तथ्यांकहरु संकलन भएको । साथै विराटनगर भन्सार कार्यालय, मोरङ्ग, विरगंज भन्सार कार्यालय पर्सा र रसुवागढी भन्सार कार्यालय, रसुवामा जडीवुटी पहिचान प्रयोगशाला स्थापना सम्बन्धी अन्तर्क्रियाका लागि समन्वय भएको।

**३.८ कर्णाली प्रदेशमा जडिबुटी प्रशोधन केन्द्र स्थापना**

- सुर्खेत जिल्लाको भेरी गंगा न.पा, वडा नं १२, छिन्चुमा रहेको श्री रामजानकी सामुदायिक वन छनोट गरी जडीवुटी प्रशोधन केन्द्र स्थापना गर्न राम जानकी सा .व. का अध्यक्षको अध्यक्षतामा ७ सदस्यीय जडीवुटी प्रशोधन केन्द्र स्थापना सम्बन्धी सञ्चालन तथा व्यवस्थापन समिति र भेरी गंगा न. पा का उपमेयर ज्यूका अध्यक्षतामा ५ सदस्यीय अनुगमन समिति गठन गरिएको र उक्त प्रशोधन केन्द्र स्थापनार्थ कार्ययोजना स्वीकृति प्रक्रिया अगाडि बढेको । साथै उक्त सामुदायीक वनको कार्ययोजना संशोधन लगायतका कार्यहरुले समय लिइरहेको र यस आ.व मा डि.पि.आर. तथा आइ. इ. इ. लगायतका कार्यहरु सम्पन्न गरी प्रशोधन केन्द्र स्थापना गर्ने कार्य सुनिश्चित नदेखिएकोले माननीय वन तथा वातावरण मन्त्री ज्यूको निर्देशन बमोजिम जाजरकोटमा जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड द्वारा स्थापन गर्न लागिरहेको प्रशोधन केन्द्रमा सहकार्य गर्नको लागि वनस्पति विभाग र जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड बीच समझदारी भएता पनि चालु आ. व. मा कुनै भौतिक कार्य प्रगति नभएको ।

**१५. विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण**

| निवेदन दिने संस्था/व्यक्ति | मागका सूचनाको विवरण | कारवाहीको विवरण |
|---|---|---|
| - | - | - |

**१६. सूचना प्रकाशन**

- वनस्पति विभागबाट सञ्चालित अनुसन्धान कार्यका नतिजाहरुको प्रकाशन **Journal of Plant Resources** प्रकाशित गर्ने गरिएको र उक्त प्रकाशनलाई विभागको Website मा समेत राख्ने गरिएको छ ।
- वनस्पति विभागबाट सञ्चालित कार्यक्रम तथा गतिविधिहरुका जानकारी "वनस्पति स्रोत" त्रैमासिक समाचार पत्र मार्फत प्रदान गर्ने गरिएको र उक्त प्रकाशनलाइ विभागको Website मा समेत राख्ने गरिएको छ ।
- अन्य प्रचार प्रसार मूलक सामाग्रीहरु : leaflet, booklet, posters लगायतका प्रकाशित सामाग्री वितरण गरिएको साथै विभागको Website मा समेत राख्नेत गरिएको छ ।

## १७. संगठन संरचना

वन तथा वातावरण मन्त्रालय

वनस्पति विभाग
महानिर्देशक

अनुसन्धान तथा योजना महाशाखा
उप-महानिर्देशक

- जडीवुटी प्रवर्द्धन तथा विकास शाखा
- बायोटेक्नोलोजी शाखा
- योजना तथा अनुगमन शाखा
- जैविक विविधता तथा साइटिस शाखा
- शहरी उद्यान विकास शाखा

**केन्द्रिय कार्यालयहरु**

- प्राकृतिक सम्पदा अनुसन्धानशाला
- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला
- राष्ट्रिय वनस्पति उद्यान

**वनस्पति अनुसन्धान केन्द्र, कार्यालयहरु**

- वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर
- वनस्पति अनुसन्धान केन्द्र, ईलाम
- वनस्पति अनुसन्धान केन्द्र, धनुषा
- वनस्पति अनुसन्धान केन्द्र, बाकें
- वनस्पति अनुसन्धान केन्द्र, सल्यान
- वनस्पति अनुसन्धान केन्द्र,कैलाली
- वनस्पति अनुसन्धान केन्द्र, जुम्ला

- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- जिन्सी व्यवस्थापन शाखा

व्यवस्थापन तथा विकास महाशाखा
उप-महानिर्देशक

- इन्स्टुमेन्ट शाखा
- गुणस्तर निर्धारण शाखा
- बायोलोजिकल शाखा
- प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा
- जडीवुटी सदुपयोग तथा पाइलट शाखा